**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी आज 11 बजे आकाशवाणीको **'मन की बात'** कार्यक्रममा देश, विदेशका श्रोताहरु सित आफ्नो विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको 131 औ संस्करण हो।

- प्रधानमंत्री नरेंद्र मोदीले आज मेरठको शताब्दी नगर नमो भारत स्टेशनमा मेरठ मेट्रो अनि नमो भारत ट्रेनलाई हरियो झंडा दिखाएर प्रस्थान गराउनु हुनेछ। उहाँले मेरठ दक्षिण स्टेशन सम्म मेट्रोको यात्रा पनि गर्नु हुनेछ।

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) लाई लिएर हिज कलकत्ता उच्च न्यायालयमा एक उच्च स्तरीय बैठक आयोजित भयो। यो बैठक सर्वोच्च न्यायालयको हालैको निर्देशको अनुपालनमा बोलिएको थियो।

- आगामी मार्च महिनामा पश्चिम बंगालमा केन्द्रीय बलका कुल चार सात अस्सी कम्पनी तैनाथ गरिने गृह मन्त्रालयले निर्देशन जारी गरेको छ।

- पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, सोमबार मुख्य निर्वाचन अधिकारी (सीईओ) को कार्यालयमा उच्चस्तरीय विशेष बैठक बोलाइएको छ।

**पीएम- मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदी आज 11 बजे आकाशवाणीको **'मन की बात'** कार्यक्रममा देश, विदेशका श्रोताहरु सित आफ्नो विचार साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको 131 औ संस्करण हो। कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सबै नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ ऑन ए आई आर मोबाइल ऐपमा गरिनेछ। यसको सीधा प्रसारण ए आई आर न्यूज़, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिनेछ। आकाशवाणीबाट हिंदी प्रसारण पछि क्षेत्रीय भाषाहरुमा पनि यस कार्यक्रमको प्रसारण गरिनेछ।

**पीएम मेरठ**

प्रधानमंत्री नरेंद्र मोदीले आज मेरठको शताब्दी नगर नमो भारत स्टेशनमा मेरठ मेट्रो अनि नमो भारत ट्रेनलाई हरियो झंडा दिखाएर प्रस्थान गराउनु हुनेछ। उहाँले मेरठ दक्षिण स्टेशन सम्म मेट्रोको यात्रा पनि गर्नु हुनेछ। त्यस पछि श्री मोदीले लगभग 12 हजार 9 सय 30 करोड़ रुपियाको विभिन्न विकास परियोजनाहरुको उद्घाटन गर्नु हुनेछ अनि राष्ट्रलाई समर्पित गर्नु हुनेछ। यस अवसरमा प्रधानमंत्री मोदीले एउटा सभालाई पनि संबोधन गर्नु हुनेछ।

**उत्तरपूर्वी करिडोर क्षेत्र विकास - बजेट विनियोजन प्रस्ताव**

राज्यसभा सांसद हर्षवर्धन श्रृङ्गलाले उत्तर बंगालको दार्जिलिङ, कालेबुङ, जलपाइगढी, अलीपुरद्वार, कूचबिहार तथा सिलगढी क्षेत्रलाई समेट्ने उत्तरपूर्वी करिडोर क्षेत्रको लक्षित आर्थिक विकासका लागि केन्द्र सरकारले अनिवार्य बजेट व्यवस्था गर्नुपर्ने प्रस्ताव भारत सरकारको वित्त मन्त्रीसमक्ष पेश गर्नु भएको छ ।
उक्त प्रस्ताव अनुसार, केन्द्र सरकारका 55 लाइन मन्त्रालयहरूले हाल उत्तरपूर्वी राज्यहरूका लागि छुट्याउँदै आएको कुल बजेट सहयोगको 10 प्रतिशत व्यवस्थाको आधारमा सो बजेटको 0.3 प्रतिशत हिस्सा उत्तर बंगालका करिडोर जिल्लाहरूमा अनिवार्य रूपमा विनियोजन गर्नुपर्ने माग गरिएको छ। सांसद श्रृङ्गलाले उत्तर बंगाल क्षेत्रको भौगोलिक तथा रणनीतिक महत्त्व औंल्याउँदै सिलगढी करिडोर भारतको उत्तरपूर्वी राज्यहरूलाई मूल भूभागसँग जोड्ने जीवनरेखा भएको उल्लेख गर्नु भएकोछ । नेपाल, भूटान र बङ्गलादेश सित सिमाना जोडिएको यस क्षेत्र दक्षिण–पूर्वी एशियासँगको भारतको प्रवेशद्वार समेत भएकाले राष्ट्रिय सुरक्षा र क्षेत्रीय विकास दुवै दृष्टिले अत्यन्त संवेदनशील रहेको उहाँको भनाइ छ। दार्जिलिङ र कालेबुङ हिमालयन भूभागका कारण उत्तरपूर्व राज्यहरूसँग समान भौगोलिक र विकासगत चुनौती बोकेका छन् भने जलपाइगढी, अलीपुरद्वार र कूचबिहार ऐतिहासिक तथा सांस्कृतिक रूपमा ब्रह्मपुत्र उपत्यकासँग नजिक छन्। यद्यपि यस्तै अवस्थाका बाबजुद पनि यी जिल्लाहरू केन्द्रको उत्तरपूर्व विकास संरचनाबाट बाहिर रहेकाले दीर्घकालीन विकास अभाव झेल्दै आएको प्रस्तावमा उल्लेख गरिएको छ। प्रस्तावमा दार्जिलिङमा उत्तरपूर्वी करिडोर आर्थिक विकास समन्वय कार्यालय स्थापना गरी केन्द्र र राज्यबीच समन्वय गर्ने, आवश्यकता अनुसार परियोजना पहिचान गर्ने तथा बजेटको प्रभावकारी उपयोग र अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने सुझाउ पनि दिइएको छ।

**एसआईआर - उच्च न्यायालय - उच्च स्तरीय बैठक**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) लाई लिएर हिज कलकत्ता उच्च न्यायालयमा एक उच्च स्तरीय बैठक आयोजित भयो । यो बैठक सर्वोच्च न्यायालयको हालैको निर्देशको अनुपालनमा बोलिएको थियो। बैठकको अध्यक्षता उच्च न्यायालयको मुख्य न्यायाधीश सुजॉय पॉलले गर्नु भयो। यसको उद्देश्य सर्वोच्च न्यायालय द्वारा निर्धारित न्यायिक निगरानी व्यवस्थाको रूपरेखा तय गर्नु हो, ताकि पुनरीक्षण प्रक्रिया पारदर्शी अनि निष्पक्ष ढंगले पुरा गर्न सकियोस। उल्लेखनीय छ सर्वोच्च न्यायालयले निर्देश दिएको थियो कि मतदाता सूचीको विशेष गहन पुनरीक्षणको शेष चरण अब देखि कार्यरत न्यायिक अधिकारिहरु अनि सेवानिवृत्त न्यायाधीशको निगरानीमा संपन्न गरियोस। न्यायालयले राज्य सरकार अनि निर्वाचन आयोग बीच चलिरहेको विवाद माथि गंभीर चिंता व्यक्त गर्दै यो कदम उठाएको हो। बैठकमा राज्य की मुख्य सचिव नंदिनी चक्रवर्ती अनि मुख्य निर्वाचन पदाधिकारी मनोज अग्रवाल सहित अन्य वरिष्ठ अधिकारी उपस्थित थिए ।

**अलीपुरद्वार–पनवेल अमृत भारत एक्सप्रेस**

पूर्वोत्तरका राज्यहरु, बिहार र महाराष्ट्रका यात्रीहरूका लागि भारतीय रेलवेले नयाँ लामो दूरीको रेल सेवा सुरु गर्ने तयारी गरेको छ। अलीपुरद्वार–पनवेल अमृत भारत एक्सप्रेस भोलि देखि सञ्चालनमा आउने भएको छ। रेलवे सुत्र अनुसार पनवेलबाट अलीपुरद्वारतर्फको सेवा भोलि देखि सुरु हुनेछ भने अलीपुरद्वारबाट पनवेल तर्फको सेवा 26 फरवरी बाट सञ्चालनमा आउनेछ। यो ट्रेनले पूर्वोत्तरका राज्यहरु, बिहार र महाराष्ट्रलाई प्रत्यक्ष रूपमा जोड्नेछ। यस सेवाबाट काम, पढाइ र पर्यटनका लागि यी क्षेत्रहरूबीच यात्रा गर्ने यात्रीहरूलाई सहजता मिल्ने अपेक्षा गरिएको छ। अमृत भारत एक्सप्रेसमा आधुनिक कोच, राम्रो सिट व्यवस्था, सर सफाइमा ध्यान र यात्री सुरक्षा सम्बन्धी सुविधा रहने बताइएको छ। रेलवे प्रशासनले यो सेवा छिटो, सुरक्षित र आरामदायक यात्रालाई ध्यानमा राखेर सञ्चालन गरिने जनाएको छ।यात्रीहरूलाई पूरा रुट र समय तालिकाबारे जानकारी लिनका लागि आधिकारिक रेलवे वेबसाइट अथवा अधिकृत सूचना स्रोतहरू हेर्न अनुरोध गरिएको छ।

**पश्चिम बंगाल केन्द्रीय बल तैनाथ**

मतदाता सूचीको विशेष गहन पुनारीक्षण (एसआइआर) को क्रममा पश्चिम बंगालका विभिन्न क्षेत्रमा अशान्ति र तोडफोडको घटना पछि, केन्द्र सरकारले कानून व्यवस्थामा कुनै पनि जोखिम नलिन निर्णय गरेको छ। फलस्वरूप, मतदानको मिति घोषणा हुनुभन्दा पहिले नै केन्द्रीय बल तैनाथ गर्ने निर्णय गरिएको छ। गृह मन्त्रालयले आज जारी गरेको निर्देशन अनुसार, आगामी मार्च महिनामा पश्चिम बंगालमा केन्द्रीय बलका कुल ४८० कम्पनी तैनाथ गरिनेछ। यो दुई चरणमा हुनेछ। पहिलो चरणमा, २४० कम्पनी १ मार्चमा आइपुग्नेछ| यस पछि अर्को २४० कम्पनी १० मार्चमा आइपुग्नेछ।यो उल्लेखनीय छ कि हिजो, एसआइआर सँग सम्बन्धित मुद्दामा, सर्वोच्च न्यायालयले स्पष्ट रूपमा अन्तिम मतदाता सूची २८ फरवरी सम्म प्रकाशित गर्न निर्देशन दिएको थियो। यदि कुनै कारणले पूर्ण सूची तयार गर्न सकिएन भने, पूरक सूची पनि प्रकाशित गर्न सकिन्छ। यस आदेशको २४ घण्टा पछि, केन्द्रीय बल तैनाथ गर्ने घोषणालाई राजनीतिक विश्लेषकहरूले महत्त्वपूर्ण मानिरहेका छन्। सुत्र अनुसार, निर्वाचन आयोगले संवेदनशील क्षेत्रहरूको निगरानी गर्न, जनताको डर कम गर्न र शान्ति र व्यवस्था कायम राख्न यी बलहरू प्रयोग गर्नेछ। राज्यमा एसआइआर प्रक्रिया सुरु भएदेखि नै धेरै स्थानहरूमा तनावको रिपोर्ट गरिएको छ। मतदाता सूची पर्यवेक्षक र बुथ स्तर अधिकारीहरूले विरोधको सामना गर्नु परेको छ। यी घटनाहरूलाई ध्यानमा राख्दै, सर्वोच्च न्यायालयले सुनुवाइको क्रममा, राज्यको कानून र व्यवस्थाको बारेमा पुलिस महानिदेशकलाई कडा टिप्पणी गरेको थियो र नियमहरू पालना नगरेमा जिम्मेवार अधिकारीहरूले परिणाम भोग्नुपर्ने स्पष्ट पारेको थियो। यस परिदृश्यमा, केन्द्रीय बललाई तैनाथ गर्ने निर्णय आगामी चुनाव प्रक्रिया अगाडिको एक महत्त्वपूर्ण कदम मानिएको छ।

**निर्वाचन आयोग बैठक**

पश्चिम बंगालमा हुने आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै, सोमबार मुख्य निर्वाचन अधिकारी (सीईओ) को कार्यालयमा उच्चस्तरीय विशेष बैठक बोलाइएको छ। यस आपतकालीन बैठकको उद्देश्य राज्यमा मतदाता सूचीको चलिरहेको विशेष गहन पुनारीक्षण (एसआईआर) प्रक्रियालाई ध्यानमा राख्दै विधानसभा चुनावको समयमा केन्द्रीय बल तैनाथ गरिने भएको विषयमा छलफल गर्नु हुनेछ। निर्वाचन आयोगका एक वरिष्ठ अधिकारीका अनुसार बैठकमा राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाल सहित सीईओ कार्यालयका सबै अधिकारीहरू उपस्थित हुनेछन्। विशेष पर्यवेक्षक एनके मिश्र, राज्य पुलिस के डीजी, कोलकाता पुलिस कमिश्नर, एडीजी कानून-व्यवस्था, राज्य पुलिस नोडल अधिकारी तथा सीआईएसएफका नोडल अधिकारी उपस्थित हुनेछन्| मतदाता सूचीको प्रकाश गर्नु अघि चुनावी तयारीको बीचमा सुरक्षा व्यवस्थालाई सुदृढ पार्न यो बैठक बोलाइएको हो। पश्चिम बंगालमा एसआईआर प्रक्रिया अन्तर्गत संवेदनशील बुथहरूको पहिचान, जोखिम मूल्याङ्कन र केन्द्रीय बलको रणनीतिक तैनाथीको बारेमा विस्तृत समीक्षा गरिनेछ। सुत्रहरूले बताए अनुसार राज्यका संवेदनशील क्षेत्रहरूमा केन्द्रीय बलहरूको संख्या बढाउने र विधानसभा चुनावलाई ध्यानमा राख्दै तिनीहरूको गतिविधिहरूको समन्वय गर्ने कुरामा विशेष जोड दिइनेछ। एक अधिकारीले बताए अनुसार प्रक्रियाको क्रममा लाखौं मानिसहरू मतदाता सूचीबाट बहिष्कृत हुनेछन्। मतदाता सूची 28 फरवरीमा जारी गरिनेछ। यसअघि, मुख्यमन्त्री ममता बनर्जी सहित धेरै तृणमूल कांग्रेस नेताहरूले राज्यभरी हिंसाको चेतावनी दिएका छन्। यो बैठक सुरक्षा कायम राख्न महत्त्वपूर्ण छ।

**बांग्लादेशी युवक सहित दुई पक्राउ**

अन्तरराष्ट्रिय सीमामा बढ्दो निगरानीका बीच मालदा जिल्लाको महदीपुर भूमि बन्दरगाहमा एक बंगलादेशी युवालाई अवैध रूपमा सीमा पार गर्ने प्रयास गरिरहेको अवस्थामा पक्राउ गरिएको छ। आरोपीले कार्गो लरीको तिरपालमुनि लुकेर सीमा पार गर्ने प्रयास गरिरहेको थियो। घटनामा संलग्न भारतीय लरी चालकलाई पनि

पक्राउ गरिएको छ। बीएसएफ र पुलिस सूत्रहरू अनुसार, शुक्रवार अबेर राति धेरै लरीहरू बांग्लादेशबाट कार्गो अनलोड गरेर महदीपुर भूमि बन्दरगाह हुँदै भारत फर्किरहेका थिए। नियमित जाँचको क्रममा बीएसएफका कर्मीहरूले भारतीय लरीको चाल शंकास्पद पाए पछि खोजी गर्दा एक युवक लुकेको अवस्थामा फेला पऱ्यो। सोधपुछ गर्दा ती युवक बांग्लादेशको राजशाही जिल्लाको चन्द्रिमा थाना क्षेत्रको छोटा बंग्रामका निवासी रहेको बताइएको छ । लरी चालकलाई लुकाएर सीमा पार गर्न मद्दत गरेको आरोपमा पक्राउ गरिएको छ। बीएसएफले थप कारबाहीका लागि दुवै अभियुक्तलाई इंग्लिश बजार थाना पुलिसलाई सुम्पेको छ। घटनापछि महदीपुर सीमामा सुरक्षा व्यवस्था थप कड़ा पारिएको छ। इंग्लिश बजार थानाका पुलिसले थप अनुसन्धान गरिरहेको छ।

**अलीपुरद्वार–पनवेल अमृत भारत एक्सप्रेस**

पूर्वोत्तरका राज्यहरु, बिहार र महाराष्ट्रका यात्रीहरूका लागि भारतीय रेलवेले नयाँ लामो दूरीको रेल सेवा सुरु गर्ने तयारी गरेको छ। अलीपुरद्वार–पनवेल अमृत भारत एक्सप्रेस भोलि  देखि सञ्चालनमा आउने भएको छ। रेलवे सुत्र अनुसार पनवेलबाट अलीपुरद्वारतर्फको सेवा भोलि देखि  सुरु हुनेछ भने अलीपुरद्वारबाट पनवेल तर्फको सेवा 26 फरवरी बाट सञ्चालनमा आउनेछ। यो ट्रेनले पूर्वोत्तरका राज्यहरु, बिहार र महाराष्ट्रलाई प्रत्यक्ष रूपमा जोड्नेछ। यस सेवाबाट काम, पढाइ र पर्यटनका लागि यी क्षेत्रहरूबीच यात्रा गर्ने यात्रीहरूलाई सहजता मिल्ने अपेक्षा गरिएको छ। अमृत भारत एक्सप्रेसमा आधुनिक कोच, राम्रो सिट व्यवस्था, सर सफाइमा ध्यान र यात्री सुरक्षा सम्बन्धी सुविधा रहने बताइएको छ। रेलवे प्रशासनले यो सेवा छिटो, सुरक्षित र आरामदायक यात्रालाई ध्यानमा राखेर सञ्चालन गरिने जनाएको छ।

****** ० ******